कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको बैठक नं.२३/०८०/८१

आज मिति २०८१।०२।२४ गते बिहिवार दिउँसो २:०० बजे कलैया उपमहानगरपालिका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.२३/०८०/८१ (तेईसौं बैठक) मा निम्नानुसारको पदाधिकारीहरुको उपस्थितिमा बैठक बसियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | | |
| ११. | पुरुषेत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३ | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | ललबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो.आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | रामेश्वर सिंह राजेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

बैठकमा सहयोग गर्ने कर्मचारीहरुको उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | शैलेश कुमार महतो | प्रशासन शाखा प्रमुख | | |
| २. | पुजा आढ्य | सहायक पाँचौं | | |
| ३. | प्रेम कुशवाहा | का.स. | | |

## कलैया उपमहानगरपालिका
### नगर कार्यपालिकाको बैठक नं.२३/०८०/८१ मिति २०८१।०२।२४ गतेको एजेण्डा तथा निर्णयहरु
### छलफल गरिने विषयहरु र निर्णयहरु (Agendas and Decisions)

**१. बजेट तर्जुमा सम्बन्धमा ।**

**निर्णय** : बजेट तर्जुमाको लागी अनिवार्य दायित्व र बाकी बक्यौना भुक्तानी गरी बचत हुने रकमबाट सिलिङ्ग निर्धारण गर्न तपसिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | | |
|---|---|---|
| १. पुरुषोत्तम सिंह पाण्डेय | वडा अध्यक्ष व.वडा नं. ९ | संयोजक |
| २. धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष व.वडा नं. २६ | सदश्य |
| ३. दिपेन्द्र महतो | वडा अध्यक्ष व.वडा नं. १७ | सदश्य |
| ४. चन्दन पटेल कुर्मी | वडा अध्यक्ष व.वडा नं. २५ | सदश्य |
| ५. उदित कुमार साह कानु | कार्यपालिका सदश्य | सदश्य |

**सहयोगी कर्मचारी**

| | |
|---|---|
| १. दिब्या सर्राफ | लेखा अधिकृत |
| २. सुनिल प्रसाद यादव | अधिकृत छैठौ |

**२. श्री सुभाष प्रसाद सिंहको पेश्की फर्छयौट सम्बन्धमा ।**

**निर्णय** : यस उपमहानगरपालिका अन्तरगत विगतमा कार्यरत भेटनरी दशौ तह अधिकृत श्री सुभाष प्रसाद सिहले यस पालिकाबाट आ.व. २०७६/०७७ मा औषधि खरिद तथा दुध उत्पादन कार्यक्रम संचालन गर्नका लागी रु.१०,००,०००।- अक्षरेपी रु.दश लाख मात्र पेश्की लिई औषधि र सामान खरिद गरेको र प्राविधिक कारण बस कार्यक्रम संचालन तथा पेश्की फछ्यौट हुन नसकेकोले निजले खरिद गरेको औषधि म्याद समाप्त भएकोले कृषि तथा पशु शाखाले समन्वय गरी खाल्टो खन्नी गाड्ने र मिल्क बयान यस उपमहानगरपालिकाले बुझी जिन्सी दाखिला गर्ने र साथै निजको ब्याज हर्जाना छुट दिई निजको नाममा रहेको पेश्की रकम रु.१०,००,०००।- अक्षरेपी रु दश लाख नै यस कार्यालयमा दाखिला गराई निजको पेश्की फछ्यौंट गर्ने निर्णय गरियो ।

**३. वडा नं. २१ बाखा अनुसन्धान केन्द्रलाई जग्गाको लागी सिफारिश गर्ने सम्बन्धमा ।**

**निर्णय** : नेपाल कृषि अनुसन्धान परिषद् काठमाण्डौको भैसी तथा बाखा नश्ल सुधार अनुसन्धान इकाइ स्थापनार्थ जग्गा उपलब्ध गराईदिने सम्बन्धी कलैया उपमहानगरपालिका वडा नं. २१ को सिफारिस पत्रानुसार वडा नं.२१ मा भैसी तथा बाखा नश्ल सुधार अनुसन्धान इकाई स्थापनाका लागी साबिक गा.वि.स. भोडहा वडा नं.२ हाल कलैया उ.म.न.पा. वडा नं. २१ को कि.नं.१ ज.बि. ५-४-१०-० र कि.नं.१०२ को २२-१४-५-० जग्गा माग गरिएकोले उक्त जग्गा उपलब्ध गराईदिनका लागी नेपाल सरकार लाई सिफारिस गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**४. Variation आदेश स्विकृत गर्ने सम्बन्धमा ।**

**निर्णय** : आ.ब. २०८०/०८१ का लागी संघिय सरकार सम्पुरक अनुदान तर्फ कार्यक्रम : Construction of Town Hall (Phase-2) ठेक्का नं. KSMC/NCB/WORKS -01/2080/081, Location: Kalaiya Sub-Metropolitan -01 को कार्य गराउदै जाँदा सम्झौताका बखत पुर्वानुमान गर्न नसकिएको र ल.ई. हुदाको बखत भुलवश छुट्न गएकोले र निर्माण कार्य गर्दै जाँदा काम थप गर्न आवश्यक भएको हुँदा प्राविधिकबाट चेक जाँच भई खरिद सम्झौता रकम रु. ४,३४,९४,९७५.२३।- अक्षरेपी रु. चार करोड चौतिस लाख चौरान्नवे हजार नौ सय पचहत्तर तेईस पैसा मात्र (भ्याट र पि.एस. आईटम बाहेक) मा रु. १७,५९,६२४.५०।- अक्षरेपी रु. सत्तरह लाख उनान्नसाठी हजार छ सय चौबिस र पचास पैसा मात्र थप ४.०५ प्रतिशत Variation आदेशका लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ बमोजिम पेश भएको Variation आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

**५. योजना संशोधन सम्बन्धमा ।**

**निर्णय** : : तपसिलका वडाहरुको योजनाहरु संशोधन गरी स्विकृत गर्ने निर्णय गरियो ।

<u>तपसिल :</u>

| क.सं. | वडा नं. | साविक योजनाको नाम | रकम रु. | संशोधित योजनाको नाम | रकम रु. |
|---|---|---|---|---|---|
| १ | ५ | वडा नं.५ मा नाला र स्लैब निर्माण | २,७५,०००।- | बटो मर्मत तथा संभार | २,७५,०००।- |
| २ | १० | वडा नं.१० निलकन्ठवा दलित विधालय र कब्रस्थान निर्माण | १०,००,०००।- | वडा नं.१० निलकन्ठवाको कब्रस्थानमा प्रखाल तथा मर्मत संभार कार्य | १०,००,०००।- |
| ३ | १७ | वडा कार्यालयको लागी आवश्यक सामाग्री खरिदको लागी | १,००,०००।- | वडा कार्यालयको कम्पाउण्ड भित्र बलक लगाउने कार्य | १,००,०००।- |
| ४ | २४ | साइमीङ्ग स्टार युवा क्लब कार्यक्रक संचालन | ५०,०००।- | जेष्ठ नागरिक सम्मानको लागी छाता र झूल खरिद | ५०,०००।- |
| | | धारा जडान खानेपानी चेकजाँच | ३,००,०००।- | सखुई ड्याम मर्मत र मलकोनीयाँ मुहान मनहर्वामा तटबेन्ध निर्माण | ३,००,०००।- |

**६. लागु-औषधमा लागेका बालबालिकाको उद्धारका लागी बिजाम संग सहकार्य सम्बन्धमा ।**

**निर्णय** : दिन प्रतिदिन लागु औषधको प्रकोप बिकरमल रुप लिईरहेको र युवा-युवति, किशोर-किशोरी तथा बालबालिकाहरु दिन प्रतिदिन लागु औषधको कुलतमा फस्दै गइरहेकोले यसकोले रोकथाम, उपचार तथा कुलतमा लागेकाको उद्धारका लागी बिजाम संग सहकार्य गरी यस आ.ब. मा रु. ५०,०००।- अक्षरेपी रु पचास हजार र आउने तिन आ.ब.मा प्रत्येक आ.ब.मा रु. दुई लाख /दुई लाख बजेट विनियोजन गरी कायक्रम संचालन गर्ने निर्णय गरियो ।

**७. वडा नं. ७ को जग्गा खरिद सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिकाको वडा नं.७ को आ.व. २०८०/०८१ को वडा स्तरिय योजना अन्तरगत श्री दुर्गा माध्यमिक विधालयको पछाडी बाटो निर्माणको लागी महिद मियाको जग्गा खरिद गर्न योजना रहेको साबिक गा.वि.स. बैरिया वडा नं.१ को कि.नं.१५० को ज.वि. ०-२-६-० जग्गा मध्येबाट ज.वि. ०-०-४-० जग्गा बाटो कायम गर्नु पर्ने योजना अनुसार कलैया उपमहानगरपालिकाको मिति २०८०/११/२२ गतेको दुर्गा स्कुलको पछाडी बाटो निर्माणका लागी निःशुल्क जग्गा उपलब्ध गराउने सम्बन्धी १५ दिने सुचना भएको तर उक्त अवधि सम्म निःशुल्क जग्गा उपलब्ध गराउने ईच्छुक जग्गादाता नभेटिएकोले यस उपमहानगरपालिकाको वडा नं.७ को वडा स्तरिय योजना अन्तरगत विनियोजित बजेट रु.६,००,०००।- अक्षरेपी छ लाख मध्येबाट उक्त जग्गा खरिदका लागी संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयलाई सहमतिका लागी अनुरोध गर्ने निर्णय गरियो ।

**८. श्री ३ चान्द्र मा.वि.को सौचालय भत्काई नया सौचालय निर्माण गर्ने सम्बन्धमा ।**

**निर्णय :** कलैया उपमहानगरपालिका वडा नं.१ स्थित श्री ३ चन्द्र माध्यमिक विधालयमा रहेको पुरानो शौचालय भत्काई नयाँ शौचालय निर्माण गर्न सहमति दिने निर्णय गरियो ।.

**९. आर्थिक सहायता सम्बन्धमा ।**

**निर्णय :** तपसिलका शिर्षकहरुमा आर्थिक सहायता गर्ने निर्णय गरियो ।

<u>तपसिल :</u>

१. जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढ, वाराको ०१-००२ झ ६१२५ नं.को महिन्द्रा स्कारपियो गाडी मर्मत गर्नका लागी श्री बालाजी अटोमोवाईल्स निजगढ, वारालाई आर्थिक सहायता शिर्षकवाट रु. १९,३००।- अक्षरेपी रु. उन्नाईस हजार तिन सय मात्र दिने ।

२. युवा संघ नेपाल, जिल्ला कमिटी, बारालाई नेपाल राष्ट्रिय कार्यकर्ता भेला कार्यक्रमको लागी आर्थिक सहायता शिर्षकवाट रु. १०,०००।- अक्षरेपी रु. बिस हजार मात्र उपलब्ध गराउने ।

३. वडा नं.१८ वस्ने लक्ष्मी कुमारी पडितलाई उनको ससुरा गोविन्द पडितको उपचारका लागी वडा नं.१८ को वडा वजेटवाट रु. २५,०००।- अक्षरेपी रु.पचिस हजार मात्र उपलब्ध गराउने ।

**१०. वडा नं.२१ को योजनाको भुक्तानी गर्ने सम्बन्धमा ।**

**निर्णय :** वडा नं.२१ को आ.व. २०७९/०८० को वडा स्तरिय योजना वडा नं.२१ रामभरोसको खेत देखी पुर्व जाने बाटोमा माटोपुरी ढलान कार्यको लागी भुक्तानी हुने रकम रु.१,०८,८५३.३४।- अक्षरेपी रु.एक लाख आठ हजार आठ सय पैत्तिस रुपैया चौतिस पैसा मात्र असाढको अन्तिम दिन कागजात पेश भएको र शुत्रमा समस्याको कारण भुक्तानी हुन नसकेकोले उक्त भुक्तानी हुन नसकेको योजनाको रकम यस आ.व.२०८०/०८१ मा भुक्तानी गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**११. बसपार्कमा रहेको सटर भाडा सम्बन्धमा ।**

**निर्णय :** यस उपमहानगरपालिकाको स्वामित्वमा रहेको कलैया बसपार्कको सटर नं.९ र १० को दुई वटा कोठामा चार्जिङ्ग प्वाईन्ट राख्न व्यवसायिक प्रयोजनका लागी कलैया उ.म.न.पा. वडा नं. २६ निवासी श्री रोहन बाबु यादवलाई प्रति सटर मासिक रु.१०००।- अक्षरेपी रु. एक हजारका दरले भाडामा उपलब्ध गराउने निर्णय गरियो ।

**१२. प्रदेश विषेश र समपुरक तर्फ योजना माँग गर्ने सम्बन्धमा ।**

**निर्णय :** तपसिलका योजना मधेश प्रदेश सरकारको समपुरक र विषेश कार्यक्रमका लागी माँग गर्ने निर्णय गरियो ।

**तपसिल :**

१. वडा नं. ८ मा कृषि सिचाई डिप बोरिङ्ग जडान कार्यका लागी विषेश तर्फ रु.४०,००,०००।-

२. वडा नं.२६ मा कृषि सिचाई डिप बोरिङ्ग जडान कार्यका लागी विषेश तर्फ रु.३५,००,०००।-

३. वडा नं. ८ रामनिवास शर्माको घरदेखि पुर्व अशोक साह सोनारको घर सम्म अधुरो बाटो ढलान र नाला निर्माण कार्य समपुरक तर्फ रु. २५,००,०००।-

Scanned with CamScanner